# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाडौं

मिति: २०७५।१०।१८ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

नेपाल विद्युत प्राधिकरण चुहावट नियन्त्रण महाशाखाका उप-प्रबन्धक विजय कुमार चौधरीले गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा आयोगबाट गरिएको अनुसन्धानले विजय कुमार चौधरीले सार्वजनिक सेवामा रहँदा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निज विजय कुमार चौधरीलाई बिगो रु.२,१४,५८,८३४।१४ (अक्षरूपी दुई करोड चौध लाख अन्ठाउन्न हजार आठ सय चौतीस रुपैया चौध पैसा) कायम गरी साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १५ दफा १६ ग तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २० को उपदफा (२) बमोजिम जरिवाना र कैद सजाय हुन र निजले भ्रष्टाचार गरी गैरकानूनी रुपमा आर्जन गरेको चल अचल सम्पत्तिहरु साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १६ ग दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २० को उपदफा (२) र दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा २९ (ख) बमोजिम जफत हुन मागदाबी लिई विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

साथै निज विजय कुमार चौधरीले गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिहरु श्रीमती प्रियंका कुमारी चौधरी लगायतको नाममा बदनियतसाथ राखेको देखिन आएको हुँदा उक्त सम्पत्तिहरु साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १६ (ग), दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २० को उपदफा (२) र दफा ४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) बमोजिम जफत गरी पाउन माग दावी लिई सो चल अचल सम्पत्तिहरु जफत गर्ने प्रयोजनका लागि मात्र निज विजय कुमार चौधरीकी श्रीमती प्रियंका कुमारी चौधरीलाई समेत प्रतिवादी कायम गरी आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता